**आकाशवाणी समाचार- नेपाली**
**मितिः १४ अक्तूबर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- प्रधानमंत्री गतिशक्ति राष्ट्रीय मास्टर प्लानले हिज पांच वर्ष पुरा गरेको छ। यस अवधि देशमा एकीकृत बुनियादी ढांचाको योजना अनि विकासको क्षेत्रमा महत्वपूर्ण प्रगति भएको छ।

- सूचना अनि प्रसारण तथा संसदीय कार्य राज्य मंत्री डॉ. एल. मुरुगनले आफ्नो पद अनि राज्यसभाको सदस्यताबाट राजिनामा दिनुभएको छ।

- संसदीय कार्य मंत्री किरेन रिजिजूले -विकसित भारतको लागि स्वस्थ, सशक्त अनि नशा-मुक्त युवाहरुको आवश्यक्ता रहेको बताउनुभएको छ।

- भारतले पुनः दोहोऱ्याउँदै भन्नेको छ- लद्दाख भारतको अभिन्न अनि अविभाज्य अंग हो, र चीनले कुनै पनि स्थितिमा यस स्थापित तथ्यलाई अस्वीकार तथा परिवर्तन गर्न सक्दैन।

- भारत अनि वेस्ट इन्डीज बीच चौथो T-20 क्रिकेट म्याच आज हैदराबादको राजिव गान्धी क्रिकेट स्टेडियममा खेलिने छ|

**पीएम**

प्रधानमन्त्री नरेन्द्र मोदी अनि क्यानाडाका प्रधानमन्त्री मार्ककार्निले द्विपक्षीय सम्बन्धहरूमा सकारात्मक पहलहरूलाई अघि बडाउन रणनीतिक साझेदारीका प्रमुख क्षेत्रहरुमा कार्य गर्न सहमति ब्येक्त गरेका छन् | यसमा व्यापार,उर्जा,प्रौद्योगिकी.सुरक्षा अनि दुवै देशका मानिसहरु बीच सम्पर्क स्थापित गर्नु सामेल छन् |दुवै नेताहरु बीच सौहार्दपूर्ण अनि सार्थक बातचित भएको छ|

**पीएम गतिशक्ति- पांच वर्ष**

प्रधानमंत्री गतिशक्ति राष्ट्रीय मास्टर प्लानले हिज पांच वर्ष पुरा गरेको छ। यस अवधि देशमा एकीकृत बुनियादी ढांचाको योजना अनि विकासको क्षेत्रमा महत्वपूर्ण प्रगति भएको छ। यस मास्टर प्लानको थालनी वर्ष 2021 मा हिजकै दिन देशको बुनियादी ढांचाको विकासलाई नयाँ दिशा दिने उद्देश्यले गरिएको थियो। प्रधानमंत्री गतिशक्तिको माध्यम द्वारा योजनाकारहरुको बुनियादी ढांचा , भौगोलिक विशेषताहरु , आर्थिक क्षेत्रहरु अनि अन्य आवश्यक आकडाहरुको जानकारी एकै मंचमा उपलब्ध भैरहेको छ। यसले बुनियादी ढांचा परियोजनाहरुको योजना बनाउन अनि निर्णय लिनमा आकडाहरु माथि आधारित दृष्टिकोणलाई प्रोत्साहन प्राप्त भएको छ।

**प्रधानमंत्री जनसेवा 25 वर्ष**

प्रधानमंत्री नरेन्द्र मोदीले जनसेवामा 25 वर्ष पुरा गर्नुभएको छ। जनसेवादेखि देश सेवा उहाको यस यात्राको मूल मंत्र रहेको छ। सेवा अनि सुशासनको यस दृष्टिकोणसित सरकारले भारतलाई बर्ष 2047 सम्म विकसित राष्ट्र बनाउने लक्ष्य प्राप्त गर्न

लगातार काम गरिरहेको छ। समावेशी विकास अनि सामाजिक सशक्तीकरणको मध्यम द्वारा मानिसहरुको जीवनमा परिवर्तन ल्याउने प्रयास गरिँदैछ ।आज यस विशेष श्रृंखलामा जानकारी दिईरहेका छौ कि भारतको पूर्वोत्तर क्षेत्रमा शांति, स्थिरता अनि विकास कसरी स्थापित गरिएको छ ?

BYTE

**मुरुगन इस्तीफा**

सूचना अनि प्रसारण तथा संसदीय कार्य राज्य मंत्री डॉ. एल. मुरुगनले आफ्नो पद अनि राज्यसभाको सदस्यताबाट राजिनामा दिनुभएको छ। प्रधानमंत्री नरेन्द्र मोदीलाई लेख्नुभएको पत्रमा डॉ. मुरुगनले भन्नुभयो – एक मजदूरको घर देखि केंद्रीय मंत्रिपरिषदमा सेवा गर्न सम्मको यात्रा, उहाको जीवनको सबैभन्दा ठुलो सौभाग्य रह्यो ।उहाले भन्नुभयो - अब उहाँ जमीनी स्तरमा फर्किन चाहनु हुन्छ अनि बर्ष 2029 को लोकसभा चुनाव पुर्व तमिलनाडुमा भारतीय जनता पार्टीलाई बलियो बनाउन समय दिन चाहनुहुन्छ।

**राजनाथ सिंह-चेक गणराज्य**

रक्षा मंत्री राजनाथ सिंहले हिज नयाँ दिल्लीमा चेक गणराज्यका उप प्रधानमंत्री अनि उद्योग तथा व्यापार मंत्री कारेल हाव्लिचेकसित भेट गर्नुभयो। सोशल मीडिया पोस्टमा श्री सिंहले भन्नुभयो – दुवै देश आत्मनिर्भर भारतलाई बढ़ावा दिन भारत-चेक संयुक्त रक्षा समितिको तत्वावधानमा सहयोगलाई अघि बढ़ाउन सहमत भएका छन्। बैठकको अवधि रक्षा औद्योगिक सहयोगको सबै पक्षहरु माथि चर्चा भएको उहाले बताउनुभयो ।रक्षा मंत्रीले भन्नुभयो - भारत अनि चेक गणराज्य बीच साझेदारी ऐतिहासिक अनि सांस्कृतिक सम्बन्धहरु माथि आधारित छ। वार्ताको अवधि दुवै मन्त्रीहरुले शांति अनि सुरक्षाका मुद्दाहरु माथि पनि चर्चा गरे अनि क्षेत्रीय स्थिरता बनाई राख्नको लागि सहयोग माथि जोड दिए।

## किरेन - नशा मुक्त

संसदीय कार्य मंत्री किरेन रिजिजूले भन्नुभएको छ - एक विकसित भारतको लागि स्वस्थ, सशक्त अनि नशा-मुक्त युवाहरुको आवश्यक्ता छ। उहाले भन्नुभयो – नशालु पर्दार्थहरुको सेवनले देशका युवाहरुको क्षमतामा बाधा उत्पन्न गर्न सक्छ। नयाँ दिल्लीमा हिज 'विकसित भारतको लागि नशा-मुक्त युवा' विषय माथि आयोजित युवा संवादलाई संबोधित गर्दै श्री रिजिजूले भन्नुभयो – जुन समाज नशालु पर्दार्थहरुको लतको चपेटमा आउछ त्यहाँ पुरा पीढ़ी प्रभावित हुंदछ। उहाले नशा-मुक्त भारतको लागि जागरूकता, रोकथाम अनि सामूहिक कार्रवाही आवश्यक रहेको बताउनुभयो ।श्री रिजिजूले भन्नुभयो - 'नशा-मुक्त भारत' अनि 'फिट इंडिया मूवमेंट' जस्ता पहलहरुको मध्यम द्वारा युवाहरुलाई स्वस्थ जीवन शैली अपनाउने , सठीक निर्णय लिने अनि आफ्नो ऊर्जालाई राष्ट्र-निर्माणमा लगाउनको लागि प्रोत्साहित गरिँदैछ।

**BYTE**

**भारत-चीन**

भारतले पुनः दोहोऱ्याउँदै भन्नेको छ- लद्दाख भारतको अभिन्न अनि अविभाज्य अंग हो, र चीनले कुनै पनि स्थितिमा यस स्थापित तथ्यलाई अस्वीकार तथा परिवर्तन गर्न सक्दैन।लद्दाख बारे चीनको हालैको टिप्पणी बारे विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले भन्नुभयो- गृह मन्त्रालयको प्रेस विज्ञप्ति आफैंमा स्पष्ट छ।विज्ञप्तिमा केन्द्र शासित प्रदेश लद्दाखका 28 स्थानहरूलाई भारतीय सर्वेक्षण विभागको आधिकारिक मानचित्रमा मानक स्थान र भौगोलिक विशेषताका नामहरू सहित चिन्हित गरिएको छ। यो कार्य लद्दाख प्रशासन र स्थानीय पक्षहरूसित परामर्श गरेर गरिएको हो। श्री जायसवालले भन्नुभयो आधिकारिक मानचित्रमा यी ठाउँहरू समावेश गर्नुको उद्देश्य तिनीहरूको सठिक पहिचान सुनिश्चित गर्नु अनि जागरूकता बढाउनु हो।

**हिन्दुस्तान एयरोनाटिक्स**

हिन्दुस्तान एयरोनोटिक्स लिमिटेड, राष्ट्रिय संस्कृति कोष र भारतीय पुरातव्त सर्वेक्षणले देशका तीन प्रमुख ऐतिहासिक स्थलहरूको संरक्षण र विकासको लागि एक सम्झौता ज्ञापनमा हस्ताक्षर गरेको छ। यी ऐतिहासिक स्थलहरूमा कर्नाटकको हाम्पी, उत्तर प्रदेशको आगरा स्थित ताजमहल र केरलको बेकल किल्ला समावेश छ। यो सम्झौताले देशको अमूल्य ऐतिहासिक धरोहरहरूलाई आउने पीड़ितहरूको लागि सुरक्षित राख्नमा सरकारी संस्थानहरू र कारपोरेट संगठनहरूको आपसी सहयोगको महत्वलाई रेखांकित गर्दछ।

## स्केटिंग

भारतको आनन्द कुमार बेलकुमारले पराग्वे मा विश्व स्केटिंग गेम्समा ५००मीटर स्प्रिंट र्स्पधामा कास्य पदक हासिल गरेका छन्। २३ वर्षीय स्पीड स्केटरले ४० दशमलव आठ -पाँच - छ सेकेण्डमा तेस्रो स्थान हासलि गरेका छन्।

## यूपीआई - एमडीआर

यूपीआई मा ग्राहकहरु अनि व्यापारी बीच दुई हजार रुपियाँ भन्दा अधिकको लेने-देन माथि **यूपीआई मर्चेंट डिस्काउंट** दीपावाली पछि लागू गरिनेछ। नेशनल पेमेंट्स कॉर्पोरेशन ऑफ इंडिया- एनपीए ले सोशल मीडिया पोस्टमा बताए अनुसार यूपीआई अनि सर्विसेज स्टीयरिंग कमेटीले त्योहारको मौसमलाई ध्यानमा राख्दै यो निर्णय लिएको छ कि चुनिएका ग्राहक-व्यापारी बीच यूपीआई लेनदेन माथि एमडीआर दिवालीको तुरन्तै पछि लागू गरिनेछ। यसको तारीखको सूचना छुट्टै गरेर दिईने रिपोर्टमा भनिएको छ। सबै व्यक्ति-देखि -व्यक्ति बीच यूपीआई लेनदेन निःशुल्क रहनेछ। एमडीआर शुल्क केवल दुई हजार रुपियाँ भन्दा अधिकको व्यक्ति-अनि व्यापारीबीच लेनदेन माथि लागू हुनेछ।

## T-20 क्रिकेट

भारत अनि वेस्ट इन्डीज बीच चौथो T-20 क्रिकेट म्याच आज हैदराबादको राजिव गान्धी क्रिकेट स्टेडियममा खेलिने छ |म्याच बेलुकी 7 बजे शुरु हुनेछ |अहिलेसम्म खेलिएको तिन म्याचहरुमा भारतले दुई म्याच जितेर बडत बनेको छ | पाँच म्याचहरुको शृंखलाको अम्तिम म्याच आगामी 17 तारिख बंगलुरुमा खेलिनेछ |